# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्ड:९ संख्या: /२०८२मिति:१२/०७

### भाग १

**राप्ती गाउँपालिका, दाङ**

**गाउँसभाबाट स्वीकृत:२०८२/१२/०३**

# राप्ती गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

प्रस्तावनाः

नेपालको संविधानको धारा १८ को समानताको हक धारा २४ को छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ४० को दलितको हक, धारा ४२ को सामाजिक न्यायको हक र जातीय तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन २०६८ को प्रावधान समेतलाई आत्मसात गर्दै, हरेक व्यक्तिको मानवीय मर्यादा र व्यक्तिगत अधिकारमा समानता हुने मान्यतालाई मध्येनजर गर्दै, मानव अधिकार र मौलिक हकको संरक्षण तथा दलित समुदायमाथि हुने छुवाछुत र सबै प्रकारका विभेदको अन्त्य गरी दलित समुदायका व्यक्तिलाई सशक्तिकरण गर्दै समानुपातिक सिद्धान्तको आधारमा राज्यका सबै निकाय र तहमा सहभागी गराउन, सामाजिक समावेशिकरण नीतिको कार्यान्वयन तथा क्षमता अभिवृद्धि लगायत विभिन्न अवसर सृजना गर्ने सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनको,२०७४ को दफा-१०२ ले दिएको अधिकार प्रयोग गरी रासी गाउंपालिकाको गाउँसभाले यो ऐन तर्जुमा गरेकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) रासी गाउँपालिकाको दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८२ रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएको मितिदेखी लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस ऐनमाः**

(क) "**ऐन**" भन्नाले "दलित सशक्तीकरण ऐन, २०८२ लाई सम्झनु पर्नेछ ।

(ख) "**संविधान**" भन्नाले नेपालको संविधान, (२०७२) लाई सम्झनु पर्नेछ ।

(ग) "**आयोग**" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्छ ।

(घ) "**कसूर**" भन्नाले मुलुकी अपराध संहिता ऐन, २०७४ तथा जातीय तथा अन्य सामाजिक भेदभाव (कसूर र सजाय) ऐन, २०६८ बमोजिमको अपराधलाई सम्झनु पर्छ ।

(ङ) "**संहिता**" भन्नाले मुलुकी अपराध संहिता ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(च) "**दलित समुदाय**" भन्नाले राष्ट्रिय दलित आयोगले अनुसूचित गरेका र आयोगको सिफारिसमा नेपाल सरकारले दलित भनि परिभाषित र सूचीकृत गरेका समुदायलाई सम्झनु पर्छ ।

(छ) "**जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव** " भन्नाले सार्वजनिक तथा नीजि दुवै स्थानमा धर्म, जात, जन्म, वंश, वर्ण वा पेशाका आधारमा गरिने कुनै पनि प्रकारको भेदभाव, बहिष्करण, अस्वीकार, प्रतिबन्ध, निषेध, शोषण, दमन, निष्काशन, नाकाबन्दी वा छुवाछूतजन्य व्यवहार, असहिष्णुता वा अवहेलना एवं जातीय तथा अन्य सामाजिक भेदभाव छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्यलाई सम्झनुपर्छ ।

(ज) "**दलित बर्ग उत्थान समिति भन्नाले**" भन्नाले दलित समुदायका व्यक्तिहरु मध्येवाट परिच्छेद ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(झ) "**सार्वजनिक स्थान**" भन्नाले सरकारी वा गैर सरकारीकार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजनिक स्थल, पाटी-पौवा, धारा, इनार,कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैंचा, कुनैपनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनुपर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(ञ) "**सार्वजनिक सेवा**" भन्नाले सरकारी वा गैरसरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनुपर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैरसरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(ट) "**सार्वजनिक समारोह**" भोज-भतेर, पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्युजस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक-सांस्कृतिक समारोह सम्झनुपर्छ ।

(ठ)"**सार्वजनिक पद धारण गरेको व्यक्ति**" भन्नाले संविधान र अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्था, गैरसरकारी संस्था तथा स्थानीय स्तरमा गठन भएको अनौपचारिक समिति समेतको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउनेछ ।

(ड) "**समिति**" भन्नाले दफा २ बमोजिम गठन हुने रासी गाउपालिका **दलित अधिकार संरक्षण तथा दलित सशक्तिकरण निर्देशक समिति** सम्झनुपर्छ ।

## परिच्छेद-२

## दलित अधिकार संरक्षण तथा दलित सशक्तिकरण निर्देशक समिति सम्बन्धी व्यवस्थाः

### ३. रासी गाउंपालिका दलित अधिकार संरक्षण तथा दलित सशक्तिकरण निर्देशक समितिः

(१) स्थानीय स्तरमा दलित अधिकार संरक्षण, सम्बर्द्धन, सशक्तीकरण, विकास, जातीय विभेद तथा छुवाछूत घटनाहरूलाई नियन्त्रण गर्न तथा निगरानी गर्न रासी गाउँपालिकामा देहाय बमोजिमको एक **दलित अधिकार संरक्षण तथा दलित सशक्तिकरण निर्देशक समिति** रहनेछः

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउंपालिकाको कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको -१ जना सदस्य

(घ) स्थानीय दलित महिला वडा सदस्यहरु मध्येबाट गाउँकार्यपालिकाले नियुक्त गरेको १ जना-सदस्य

(ङ) स्थानीय स्तरमा प्रतिनिधित्व गर्ने फरक फरक राजनीतिक दलको प्रतिनिधि २ जना- सदस्य

(च) स्थानीय तहका सामुदियक/सरकारी विद्यालयका शिक्षकहरु मध्येबाट गाउँकार्यपालिकाले नियुक्त गरेको १ जना -सदस्य

(छ) स्थानीय तहका स्वास्थ्य वा अस्पतालका प्रमुख मध्ये गाउँपालिकाले नियूक्त गरेको १ जना-सदस्य

(ज) दलित अधिकारको क्षेत्रमा कार्यगर्दै आएका दलित समुदायको स्थानीय व्यक्तिहरु मध्ये गाउँपालिका अध्यक्षले मनोनित गरेको कम्तिमा १ जना महिला सहित-२ जना -सदस्य

(झ) दलित बर्ग उत्थान समितिको संयोजक -सदस्य

ञ) गाउँपालिकाको केन्द्रमा रहेको प्रहरी चौकीको प्रमुख -सदस्य

ट) गाउँपालिकाको महिला तथा बालबालिका हेर्ने कर्मचारी -सदस्य सचिव

(३) समितिले आवश्यकता अनुसार स्थानीय तहको सम्बन्धित सरोकारवाला निकाय व्यक्ति वा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको सचिवालय गाउँपालिकाको कार्यालय रहेको स्थानमा रहनेछ ।

### ४. रासी गाउंपालिका दलित अधिकार संरक्षण तथा दलित सशक्तिकरण निर्देशक समितिको काम, कर्तव्य र अधिकारः

(१) यस ऐनको दफा ३ बमोजिम गठीत स्थानीय दलित अधिकार संरक्षण तथा दलित सशक्तीकरण निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलितको सशक्तीकरण तथा विकास गर्नको लागि आवश्यक नीति, कार्यक्रम तथा वजेटको वारेमा छलफल गरी समितिबाट पारित गरी

गाउँसभामा पारितको लागि प्रस्तुत गर्ने

(ख) प्रत्येक वडालाई दलितको सशक्तिकरण तथा विकासका लागि आवश्यक नीति, कार्यक्रम र वजेट छुट्याउन प्रेरित गर्ने र सहजीकरण गर्ने ।

(ग) जातीय विभेद तथा छुवाछुत न्यूनीकरण गर्दै त्यसलाई अन्त्य गर्नको लागि आवश्यक नीति, योजना, कार्यक्रम तथा वजेटको व्यवस्था गर्ने ।

(घ) जातीय विभेद तथा छुवाछुतको व्यवहारिक अन्त्यको लागि आवश्यक प्रवर्धनात्मक, निरोधात्मक तथा प्रोत्साहनात्मक कार्यहरु गर्न तथा गराउन अभिप्रेरित गर्ने ।

(ङ) एक निश्चित मापदण्ड बनाई प्रत्येक वडालाई जातीय विभेद तथा छुवाछुत मुक्त वडा घोषणा गर्दै समग्र गाउँपालिकालाई नै जातीय विभेद तथा छुवाछुतमुक्त पालिका घोषणा गर्न आवश्यक तयारी, पूर्वाधार, कार्यक्रम र त्यसको दिगोपनको समेत कार्यक्रम वनाई घोषणा गर्ने, यसका लागि सूचक सहितको कार्यविधि वनाई लागू गर्न सक्ने।

(च जातीय विभेद तथा छुवाछुत मुक्त पालिका घोषणा भई सके पछि त्यसको दिगोपनको अनुगमन, मूल्यांकन गरी आवश्यक कार्यहरु गर्ने ।

(छ) नेपाल पक्षराष्ट्र भएका सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र लगायतका प्रतिबद्धताको आफ्नो पालिकामा भएको कार्यान्वयनको अबस्था र दलितहरुको आर्थिक, सामाजिक तथा राजनैतिक अधिकारहरुको सुनिश्चितताको लागि आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई लागू गर्ने ।

(ज) हरेक वडाले दलितको आर्थिक, सामाजिक तथा साँ स्कृतिक अवस्थाको प्रतिविम्व हुने गरी तथ्यांक लिने तथा त्यसलाई अध्यावधिक गर्दै जाने ।

(झ) दलितहरुको परम्परागत सीप, तथा पेशाको आधुनिकीकरण, संरक्षण संवर्द्धन तथा प्रवर्द्धन, सशक्तीकरण का लागि आवश्यक नीति, कार्यक्रम र वजेट वनाउने र लागू गर्न आवश्यक भूमिका खेल्ने ।

(ञ) स्थानीय स्तरमा दलितको हक संरक्षण र हितप्रबर्द्धनका लागि गर्नुपर्ने आवश्यक अन्य कार्य गर्ने ।

(ट) पालिकामा जातीय विभेद तथा छुवाछुतका घटना घटेमा त्यसको अनुगमन गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउन कानून वमोजिम गराउन आवश्यक पहल गर्ने ।

(ठ) पीडित उच्च हिंसामा परि सुरक्षा दिनु पर्ने अवस्था देखिएमा अन्य निकायसंग समन्वय गरी सुरक्षा तथा रेखदेख गर्ने

(ड) पालिकास्तरमा कुनै अन्तर्राष्ट्रिय वा राष्ट्रिय संघसंस्थाहरुले दलितसम्बन्धी कार्यक्रमको स्वीकृति तथा सञ्चालन गर्दा समितिसँग समन्वय गरी गर्नु पर्नेछ ।

(ढ) गाउँपालिकाद्धारा गठित परिच्छेद ३ बमोजिमको दलित वर्ग उत्थान समितिलाई आवश्यक मार्गदर्शन गर्ने ।

ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(२) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. दलित अधिकार संरक्षण तथा दलित सशक्तिकरण निर्देशक समितिको बैठक तथा कार्यविधि तोकिए बमोजिम हुनेछ

## परिच्छेद -३ दलित बर्ग उत्थान समिति सम्बन्धी व्यबस्थाः

### ६. दलित बर्ग उत्थान समिति गठनः

१) दलित समुदायकको हकअधिकार संरक्षण तथा दलित समुदायसंग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन र दलित सवालहरुलाई निर्देशक समिति मार्फत गाउँपालिका लगाएत अन्य निकायसंग समन्वय गरी कार्यान्वयन गर्न गाउँपालिकाद्धारा देहायबमोजिमको दलित बर्ग उत्थान समिति गठन हुनेछ ।

क) स्थानीय दलित समुदायको ब्यक्ति मध्ये दलित क्षेत्रमा क्रियाशिल -संयोजक

ख) दलित समुदायको हकहित र अधिकार सम्बन्धमा दलित समुदायका सचेत ब्यक्तिहरु मध्ये प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी बढिमा ६ जना - सदस्य

ग) निर्देशक समितिको अध्यक्षद्धारा मनोनित स्थानीय दलित समुदायका महिलाहरु मध्ये बढिमा २ जना

-सदस्य ।

२. उपदफा-१ बमोजिम गठित दलित बर्ग उत्थान समितिको पदावधि तिन बर्षको हुनेछ ।

**७) दलित बर्ग उत्थान समितिको बैठक सम्बन्धी व्यबस्थाः-**

१) बिशेष अवस्थामा बाहेक दलितबर्ग उत्थान समितिको बैठक दुई महिनामा कम्तिमा १ पटक बस्नु पर्नेछ

२) बैठक सम्बन्धी अन्य ब्यबस्था तोकिएबमोजिम हुनेछ ।

**८) दलितबर्ग उत्थान समितिको काम कर्तब्य र अधिकारः-**

**क)** दलित समुदायको हक, अधिकार र सशक्तिकरण सम्बन्धमा आवश्यक पर्ने नीति, कार्यक्रम र बजेट सम्बन्धमा गाउँपालिकालाई लिखित सुझाव दिने ।

ख) तोकिएबमोजिम बैठक बसी दलित समुदायका सवालहरु सम्बन्धमा छलफल गरी कार्यपालिकालाई सुझाब दिने ।

ग) दलित समूदायसँग सम्बन्धित विभिन्न दिवश तथा अन्य स्वीकृत कार्यक्रम तथा गतिविधिहरु संचालन गर्न गाउँपालिका र निर्देशक समितिसंग समन्वय गरी संचालन गर्न अग्रसरता लिने ।

घ) अन्य काम, कर्तब्य र अधिकारहरु तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -४ दलित सशक्तिकरण सम्बन्धी ब्यबस्था

**८ दलित सशक्तिकरण तथा जातिय भेदभाव तथा .छुवाछुद अन्त्यका लागि सन्चालने गरिने कियाकलापहरुः-**

क) यस गाउँपालिकाले जातिय भेदभाव तथा छुवाछुत अन्त्यको लागि स्थानिय तहमा योजना बनाई कार्यान्वयनमा ल्याउनेछ। यस अभियानलाई स्थानिय सरकार, समुदाय, संघ संस्था, नागरिक समाज, सरोकारवालाहरु, अधिकारकर्मीहरुको संलग्नतामा कार्यान्वयन गरिनेछ।

**खजातिय विभेद तथा छुवाछुत विरुद्ध सचेतीकरण कार्यक्रमः (**

१ मा व्यवस्था २०६८जातीय भेदभाव तथा कसुर र सजाय ऐन .भएका विषयमा स्थानीय संचार माध्यमबाट सूचना प्रसारण गर्ने ।

२गाउँ .पालिका र मातहतका कार्यालयबाट हुने कार्यक्रममा जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन सम्बन्धी विषय समावेश गराउने।

३सरकारी कार्यालय ., विद्यालय, सार्वजनिक स्थान, सरकारी र नागरिक संघ संगठन, संस्था, औद्योगिक कम्पनीका कार्यालयमा जातीय विभेद तथा छुवाछुतको व्यवहारलाई निरुत्साहित गर्ने खालका सन्देश लेखि सबैले देख्ने ठाउमा राख्ने।

४स्था .नीय जनप्रतिनिधि, दलित समुदायको पक्षमा क्रियासिल सामाजिक अभियन्ताहरुले आफू सहभागी भएको सार्वजनिक कार्यक्रमहरुमा जातीय विभेदको विषयमा रासी गाउँपालिकाले लिएको अवधारणा विषयमा संवेदनशिल हुने ।

५. दलित समुदाय भित्र रहेको आन्तरिक विभेदको अन्त्य गर्न सचेतिकरणका कृयाकलापहरु संचालन गर्ने ।

६जातीयविभेद तथा छुवाछुतका विरुद्धमा विद्यालय ., कलेज तथा सार्वजनिक निकायमा कार्यक्रमहरु आयोजना गर्ने।

७टोल विकास संस्था ., शिक्षक, पण्डित, धर्मगुरु, सेवाप्रदायक कार्यालयका कर्मचारी, नेपाल प्रहरी लगाएत सबै सरोकारहरुलाई जातीय भेदभाव तथा कानूनी सचेतता सम्बन्धी जानकारी वा अभिमुखिकरण गराउने ।

**गसामाजिक व्यवहार सुधार अभियानः (**

१जातीय विभेदलाई प्रोत्साहन गर्ने खालका गतिविधि अन्त्य .को लागि गैर दलित समुदाय भित्रै पनि सचेतनाका कार्यक्रमहरु संचालन गर्ने।

२स्वास्थ्य दलित समुदायमा ., शिक्षा तथा सरसफाई अभियान संचालन गरी विद्यमान अवस्थामा व्यावहारीक रुपमा सुधार ल्याउने ।

४घरेलु हिंसा ., अन्धविश्वास, कुरीती र कुसंस्कार, महिला माथि हुने हिंसा, बालश्रम, मध्यपान, बाल हिंसामा कमी ल्याउन समुदाय स्तरका योजना तथा कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने।

५ दलित बस्ती वा समुदायलाई हिंसा .र विभेद रहित समाजमा रुपान्तरण गर्ने ।

**घ) जातीय भेदभाव तथा छुवाछुत रहित स्थान घोषणाः**

१सरकारी तथा गैर सरकारी कार्यालय ., सार्बजनिक स्थान र टोल विकास संस्थाहरुमा छुवाछत तथा जातिय विभेदको अवस्थाको अनुगमन गरी छुवाछुतमुक्त स्थान घोषणा गर्ने।

२पालिका भित्र सहभोज ., अन्तरजातीय विवाह जस्ता कार्यलाई सम्मान गर्ने।

३छुवाछुत मुक्त . गाउँपालिका घोषणाका लागि सूचक तयार गरी लागू गर्ने।

४ गाउँपालिकालाई .छुवाछुत मुक्त गाउँपालिका घोषणा गर्नका लागि टोल बड़ा हुदै अन्त्यमा पालिका घोषणा गरिने छ ।

५ .यसरी घोषण भएका टोलमा स्थानीय सरकार तथा वडाहरुले सकारात्मक विभेदको मर्म अनुरुप विशेष प्राथमिकतामा राखी सरकारी सेवा सुविधामा सहुलियत दिने।

**ङ. आयमूलक काम तथा जिबीकोपार्जनमा सुधारः (**

गाउँपालिकाले दलित समुदायको उत्थान र अधिकारका सवालमा सहयोगी हुने गरी आयमूलक काम तथा जिविकोपार्जन सुधारका योजना बनाई कार्यान्वयन गर्नेछ। जसअन्तर्गत निम्न कार्यहरु गरिने छन।

१परम्परागत सीप परीक्षण योग्यता निर्धारणः दल .ित समुदायका व्यक्तिहरुमा पुरख्यौली रुपमै प्राविधिक क्षमता भएको तर त्यसको परिक्षण र प्रमाण पत्र नहुदा उनिहरुको पेशा र जिबीका जोखिममा पर्ने खतरा भएकोले सिटिइभिटी वा राष्ट्रिय सीप परिक्षण समिति (NSTB) को सहकार्यमा दलित समुदायका परम्परागत सीप, घर बनाउने, काठको सामाग्री बनाउने, कृषि औजार बनाउने, छालाका सामग्री बनाउने, गरगहना बनाउने, बाजा बनाउने, कपड़ा बनाउने सिउने लगाएत अन्य सिपको लागि कामको परीक्षण गराई प्रमाणपत्र उपलब्ध गराउने।

२सिपको. आधुनिकीकरणः दलित परिवारमा परम्परागत सिप, जिविकोपार्जनको आधार भएको र त्यसलाई आधुनिक रुपमा विकास गरी थप उत्पादनसिल र समसामयिक बनाउनु आवश्यक भएकाले सम्भावित उद्यम र रोजगारीका अवसर पहिचान गरी प्रार्थमिकता क्रममा सिप विकास तालिम संचालन र उन्नतीका लागि पूँजी र बजारीकरणमा सहज पहुँच बढाउन सहयोग गर्ने।

३उर्जा र प्रविधि .मा सहयोगः कृषि र भौतिक निर्माणसंग सम्बन्धित सिपको माग बढदो क्रममा रहेको र विद्यमान सीप तथा सैलीबाट अबको माग पुरा गर्न, पेशा व्यवसाय गर्न र पेशावान व्यक्तिको जिविका धान्न कठीन हुदै गएकाले पेशालाई आधुनिक प्रविधि मैत्री बनाउन आधुनिक मेसिन खरिद, विद्युत, उर्जा जडान, उद्यम स्थल निर्माण जस्ता कार्यमा सहयोग पुयाउने।

४. उद्यमका लागि सहजिकरणः दलित समुदायमा भएका सिप र कलालाई वैधानिक प्रकृया मार्फत व्यवस्थापन गर्न उनीहरुलाई परम्परागत सीप र कलामा आधारीत उद्यम )औजार निर्माण उद्योग, सिलाई उद्योग, काष्ठ उद्योग, भवन निर्माण फर्म, पञ्चेवाजा संरक्षण र ब्यबसायिक रुपमा प्रवर्द्धन ) लगाएतका

कार्यमा सहयोग गर्नेछ।

**च माथि उल्लेखित व्यवसायमा सहुलियतका लागि (गाउँपालिकामा निम्न व्यवस्था गरिनेछः**

१सीप सिक्न ., उद्यम संचालन गर्न र प्राविधिक सहयोग उपलब्ध गराउनका लागि सूचना प्रकाशित गरी निवेदन आव्हान गर्ने।

२प्राप्त नि .वेदनको आधारमा उपयुक्त व्यक्ति वा समुह छनौट गरी उद्यम योजनाको आधारमा सहयोगको सीमा निर्धारण गर्ने।

३. तालिम, उर्जा, प्रविधि सहयोग तथा उद्यम दर्ताको लागि रासी गाउँपालिकाले छुट्टाछुट्टै फारम उपलब्ध गराउने ।

४ निवेदन छनोटका लागि .रासी गाउँपाललिकाले सम्बन्धित विषयका अनुभवी र बिशेषज्ञ व्यक्तिहरुको सहभागितामा छनोट समिति निर्माण गर्ने !

**छसमता (मूलक नीतिः** गाउँपालिकाले सामाजिक, आर्थिक, अवस्थामा सुधार ल्याउन समतामा आधारित योजना संचालन गर्ने छ। जसका लागि निम्न प्रकृया अबलम्बन गरिने छः-

१ .**निर्णायक तहमा अर्थपूर्ण सहभागिताः** रासी गाउँपालिका अन्तर्गत हुने विकास वा सेवासंग सम्बन्धित समिति, उप समितिहरुमा दलितको अर्थपूर्ण सहभागिता गराईनेछ ।

२ः**अबसरमा प्राथमिकता .** गाउँपालिका अन्तर्गत हुने आयमूलक काम, स्वरोजगारमूलक काम वा रोजगारीका अवसरमा दलित समुदायका व्यक्तिहरुलाई प्राथमिकता दिन सकिनेछ।यस्तो प्राथमिकता दिदाँ दलित समुदाय भित्रका विपन्न ब्यक्तिलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

३ .गाउँपालिकाले संचालन गर्ने विभिन्न प्रकृतिका निर्माण आयमुलक, स्वरोजगारमूलक, सिपमुलक कार्यका लागि व्यक्ति छनौट प्रकृयामा दलित समुदायलाई प्राथमिकतामा राखी कार्य गर्न सकिनेछ

४. **उत्पादनका स्रोतमा पहुँचः** गाउँपालिकाले सबै नागरिकहरुको सुरक्षित आवास र जिवीकोपार्जनको विषयलाई आधारभूत अधिकारको रुपामा लिई व्यवस्थापन गर्ने। दलितहरुको अवस्था दयनीय भएकोले यसलाई उपयुक्त प्रकृया अवलम्बन गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ।

**५**शिक्षामा कम पहुँच भएका दलित समुदायका छात्रछात्राका लागि शिक्षा आर्जनको : **शिक्षामा प्रोत्साहन (** अवसर सृजनागरिने छ। यसका लागि निम्न प्रकृया अवलम्बन गरिने छ।

१दलित समुदाय .का छात्रछात्रालाई उच्च शिक्षा तह सम्म पहुँच वृद्धि गर्न आवश्यक सहुलियत प्रोत्साहन वा आंशिक छात्रवृतिको व्यबस्था गर्न सकिनेछ।

२अति विपन्न दलित वि .द्यार्थीहरुलाई प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न आवश्यक सहुलियत, प्रोत्साहन वा आंशिक छात्रवृति प्रदान गर्न सकिनेछ।

३सामु .दायिक साक्षरता अभियान संचालन गरी दलित समुदायका प्रौढहरुलाई साक्षर बनाईनेछ

४लोकसेवा तयारी कक्षाहरुका लागि पालिका भित्र संचालित सरकारी वा गैर सरकारी शिक्षण संस्थाहरुले . लिईने शुल्कमा दलित समुदायका विद्यार्थीहरुलाई सहुलियत दिनका लागि पहलगरिनेछ।

**५. यस कार्यलाई व्यवस्थित र नतिजामूलक बनाउने तथा छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न गाउँपालिकाले निम्न मापदण्ड अपनाउनेछ।**

क विद्यार्थी र अभिभावकको अवस्था (बुझ्न अभियानको रुपमा जनप्रतिनिधिहरु परिचालन तथा अनुगमन गरिनेछ ।

ख) संस्थागत विद्यालयमा विपन्न दलित विद्यार्थिहरुलाई विशेष छात्रवृत्ति प्रदान गर्न सकिनेछ

ग) आवधिक रूपमा विद्यालयबाट उत्कृष्ट विद्यार्थीहरुको शैक्षिक प्रगती र अनुशासनको अनुगमन गर्ने।
ङविद्यालयमा हुने जा (तीय विभेदलाई शून्यसहनसिलताको नीति अपनाउन विद्यालयमा ब्यबस्थापन, प्रशसन तथा शिक्षकहरुलाई सचेत र जागरुक वनाउने।

## परिच्छेद-५ विविध

९. **बजेट ब्यबस्थापनः** यो ऐनलाई कार्यान्वयन गर्न गाउँपालिकाले बिशेष बजेटको ब्यबस्था गर्न सक्नेछ।

**१०बा .धा अडकाउ फुकाउः-** यो ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउ कार्यपालिकाले गर्न सक्नेछ।

११. यो ऐन कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

**१२ .बचाउ र खारेजी**

१ यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम .र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।
२कानूनसंग वा यो ऐन प्रचलित .झिएमा, वाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले**
**देविराम पाठक**
**प्रमुख प्रशासकीय अधिकृत**